# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ चौमाला, कैलाली माघ ०६ गते सोमवार, २०७८ साल, (संख्या ०८)

भाग -३

## नगर बाल अधिकार समिति सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावनाः** नेपालको संविधान को धारा ३९ ले प्रदान गरेको बालबालिकाको मौलिक हकलाई स्थापित गर्न र बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन गर्नकालागि गौरीगङ्गा नगरपालिकामा नगर बाल अधिकार समिति सञ्चालन कार्यविधि तर्जुमा गर्नु वाञ्छनीय भएकोले,

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर बाल अधिकार समिति सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम "बाल अधिकार समिति सञ्चालन कार्यविधि २०७८" रहने छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** १) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

गौरीगंगा राजपत्र

(ख) "कार्यविधि" भन्नाले गौरीगङ्गा नगरपालिका द्वारा जारी गरिएका बाल अधिकार समिति सञ्चालन कार्यविधि २०७८ सम्झनु पर्छ ।

(ग) "बालबालिका सम्बन्धी ऐन" भन्नाले नेपालको सङ्घीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनु पर्छ ।

(ङ) "बाल क्लब" भन्नाले गौरीगङ्गा नगर क्षेत्र भित्र बसोबास गर्ने १८ वर्ष उमेर भन्दा कम उमेरका बालबालिकाको सङ्गठन(समूह) लाई जनाउने छ ।जुन वडा वा नगरपालिकामा सूचीकृत भएका समूह लाई सम्झनु पर्नेछ ।

(च) "बाल क्लब वडा सञ्जाल र बाल क्लब नगर सञ्जाल " भन्नाले गौरीगङ्गा नगरपालिकाका वडा रहेका बाल क्लबहरुको प्रतिनिधित्व हुने गरी गठन भएको वडा स्तरीय सङ्गठन (समूह)लाई बाल क्लब वडा सञ्चालन र नगर स्तरीय बाल क्लबहरूको प्रतिनिधित्व हुने गरी गठित भएको नगर स्तरको सङ्गठन (समूह) लाई नगर स्तरीय बाल क्लब सञ्जाल सम्झनु पर्नेछ ।

(छ) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने नाफा रहित सामाजिक संस्थालाई सम्झनु पर्छ ।

(ज) "बाल कोष" भन्नाले गौरीगङ्गा नगरपालिमा गठित आपतकालिन महिला तथा बालबालिका संरक्षण कोष २०७७ लाई सम्झनु पर्दछ ।

(झ) "नगरपालिका " भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्छ ।

(ञ) "कार्यपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

<u>३. नगर बाल अधिकार समिति सम्बन्धी व्यवस्थाः-</u> १) गौरीगङ्गा नगरपालिका स्तरमा बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्नका लागि देहाय बमोजिमको १५ सदस्यीय नगर स्तरीय बाल अधिकार समिति रहनेछ ।

क) नगरपालिकाको उपप्रमुख वा उपप्रमुखले तोकेको कार्यपालिका सदस्य -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

गौरीगंगा राजपत्र

ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

घ) शिक्षा शाखा प्रमुख -सदस्य

ङ) कानून शाखा प्रमुख -सदस्य

च) इलाका प्रहरी कार्यालय प्रमुख -सदस्य

छ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाहरू मध्येवाट नगर कार्यपालिकाले चयन गरेका २ जना -सदस्य

ज) नगर स्तरीय बाल संनजालवाट २ जना (१बालिका, १ बालक) -सदस्य

झ) नगरपालिका क्षेत्र भित्र रहेका विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट नगर कार्यपालिकाले चयन गरेका १ जना -सदस्य

ञ) नगर कार्यपालिकाले महिला, जनजाति, दलितको प्रतिनिधित्व हुने गरी आफू मध्यबाट चयन गरेका ३ जना -सदस्य

ट) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव

२) नगरपालिका स्तरीय बाल अधिकार समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार एक पटकमा बढिमा ५ जना व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

३) बाल अधिकार समितिका पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ ।

४) बाल अधिकार समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यकता अनुसार विषयगत समिति वा उपसमिति गठन गरी कार्य गर्न सक्नेछ ।

५) नगर बाल अधिकार समितिको कामकाज गर्न कालागि आवश्यक रकम नगर नगर सभाले विनियोजित गरी बाल कोषमा जम्मा गर्नेछ ।

<u>४. स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः-</u> १) नगर बाल अधिकार समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्न सक्नेछ ।

२) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

गौरीगंगा राजपत्र

३) नगर बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ र बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

४) नगर बाल अधिकार समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

५) नगर बाल अधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

<u>५. नगरपालिका नगर बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः-</u> १) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्ने ।

२) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

३) वार्षिक रुपमा बालबालिकाको तथ्याङ्क अद्यावधिक गरी प्रकाशन गर्ने ।

४) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरूको विश्लेषण गरी आवश्यकता अनुसार कानुनको तर्जुमा तथा कार्यान्वयनका लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने ।

५) बाल अधिकार हननका घटनाहरूलाई छलफल गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गर्ने

६) बालबालिकाको क्षेत्रमा कार्यरत सङ्घ संस्था र निकायहरूको नक्सांकन, सेवा मापन र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सम्वर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

७) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गर्ने

८) जोखिममा रहेका बालबालिकाको सहयोगको लागि घटना व्यवस्थापन प्रक्रियालाई अवलम्बन गर्ने ।

९) बाल अधिकारका हनन तथा उलङ्घन घटनाहरूको अनुगमन गर्ने र दोषीलाई आवश्यक कानुनी कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१०) नगरपालिका रहेका बाल क्लब र बालसञ्जालहरुलाई सूचीकृत, क्षमता विकास र परिचालन गर्ने ।

गौरीगङ्गा राजपत्र

११) नगरपालिकामा रहेका सबै वडा बाल अधिकार समितिहरूको सहभागितामा अर्धवार्षिक कार्य प्रगति प्रतिवेदन प्राप्त गर्ने

१२) बाल अधिकार समितिले नगरपालिका स्तरमा गरेका विभिन्न गतिविधिहरूको अर्धवार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेस गर्ने ।

१३) विशेष परिस्थितिमा रहेका बालबालिकाहरूको सहयोगका लागि सम्बन्धित सरोकारवाला सेवा प्रदायक निकायहरूसँग समन्वय र सहकार्य गरी सहयोगका लागि सिफारिस गर्ने

१४) बालबालिका सम्बन्धी ऐन, नियम, नीति, कार्यविधि, रणनीति र कार्य योजना निर्माण गर्नका लागि नगरपालिकालाई सहयोग गर्ने ।

१५) बालबालिकाको क्षेत्रमा बजेट विनियोजन, कार्यान्वयनका लागि नगरपालिकालाई सहयोग गर्ने

१६) स्थानीय स्तरमा बाल संरक्षणको अवस्था विशेषण गरी सोको आधारमा कार्य योजना निर्माण गर्ने ।

<u>६. वडा बाल अधिकार समिति सम्बन्धी व्यवस्थाः-</u> १) बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्नका लागि नगर बाल अधिकार समितिको मातहतमा रहने गरी प्रत्येक वडामा ७ सदस्यीय वडा बाल अधिकार समिति रहनेछ ।

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य १ जना – संयोजक

(ख) महिला सदस्य १ जना – सदस्य

(ग) वडामा रहेको विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा समितिले चयन गरेको १ जना - सदस्य

(घ) बाल अधिकारको क्षेत्रमा वडामा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट वडा समितिले चयन गरेको १ जना – सदस्य

(ङ) वडा स्तरीय बाल क्लब सञ्जालबाट २ जना (१ बालक, १ बालिका) – सदस्य

(च) वडा सचिव -सदस्य सचिव

गौरीगंगा राजपत्र

२) वडा बाल अधिकार समितिको पदाधिकारीको चयन गर्दा वडामा बसोबास गर्ने सबैको जाती, वर्ग, क्षेत्रको प्रतिनिधित्व हुने गरी अपनत्वको भावना विकास गर्न समावेशी समितिको निर्माण गरिने छ ।

३) बालबालिकासँग सम्बन्धित विशेष निर्णय गर्नुपर्ने अवस्थामा विद्यालय प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, घटना व्यवस्थापन कार्यकर्ता ,वडा सदस्य लगायतका अन्य स्थानीय बुद्धिजीवी र समाजसेवीलाई समेत वडा स्तरीय बाल अधिकार समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

४) वडा बाल अधिकार समितिको सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।

५) वडा बाल अधिकार समितिको प्रशासनिक कार्य समितिको सदस्य सचिवले गर्नेछ ।

**७. वडा बाल अधिकार समितिको बैठकः-** १) वडा बाल अधिकार समितिको नियमित बैठक कम्तीमा ३ महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्न सक्नेछ।

२) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ

४) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

**८. वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः-** १) तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नेः- वडा भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको (अपाङ्ग, आमाबुबा गुमाएका, हराएका बालबालिका, एच.आई.भी सङ्क्रमित तथा प्रभावित, वाल श्रमिक, बेचबिखनमा परेका, बालविवाह, वाल दुर्व्यवहार, हिंसामा परेका बाललबालिकाहरु) तथ्याङ्क संकलन गर्ने र वार्षिक रुपमा अद्यावधिक गरी नगर बाल अधिकार समितिमा सम्प्रेषण गर्ने ।

२) वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्नेः- वडा भित्रका बालबालिकाको क्षेत्रमा आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको समन्वयमा समुदायमा आधारित वार्षिक योजना निर्माण गरी कार्यान्वयन गराउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

गौरीगङ्गा राजपत्र

३) समन्वय र सहकार्य गर्नेः- वडामा कार्यरत सरकारी, गैर सरकारी निकाय एवं निजी क्षेत्रहरू, संस्थाहरू (वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, सञ्जाल, समिति) सँग आवश्यक समन्वय र सहकार्य गर्ने जसबाट जोखिममा रहेका बालबालिकालाई आवश्यक सहयोग पुऱ्याउन र उनीहरूको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग पुगोस् ।

३) सचेतना जगाउनेः- बाल अधिकार सवाल र बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरुका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सृजना गर्न सहयोग पुग्ने किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

५) श्रोत नक्साङ्कन र सिफारिस संयन्त्रको स्थापना गर्नेः- वडामा सरकारी, गैर सरकारी र निजी क्षेत्रबाट बालबालिकाहरू र तिनीहरूका परिवार लक्षित सेवाहरुको नक्साङ्कन गरी आवश्यक रोष्टर तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरु जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न वडा स्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

६) बालबालिका सम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्नेः- वडा स्तरमा बाल अधिकारको संरक्षण र प्रर्बद्धनका लागि विभिन्न सवालहरुमा आवश्यक नीति निर्माण एवं पैरवी गर्ने ।

७) आकस्मिक सहयोगका लागि बाल हित कोषको स्थापना गर्नेः- वडास्थित विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरी आपतविपतमा परेका तथा यौन दुर्व्यवहारमा परेका बालबालिकाहरूको तत्काल उद्धार र सहयोग गर्न एक आकस्मिक बाल हित कोषको स्थापना एवं परिचालन गर्ने ।

८) अनुगमन र समीक्षा गर्नेः बालबालिकाहरूका लागि वडा स्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले उनीहरूको अवस्थामा आएको परिवर्तन र परेको प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

९) प्रगति प्रतिवेदन पेस गर्नु पर्नेः वडामा बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरुको सम्पन्न प्रतिवेदन तयार गरी प्रतिवेदन नगर बाल अधिकार समितिमा पेस गर्ने ।

१०) घटना व्यवस्थापक कार्यकर्ता छनोट गरी, परिचालन तथा घटना व्यवस्थापन प्रक्रिया सञ्चालन गर्ने र सो कार्यको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

**९. बाल कल्याण अधिकारीको नियुक्तिः-** बाल कल्याण अधिकारी नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१०. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः-** १) स्थानीय बाल अधिकार समितिको निर्णय एवंम निर्देशनहरू कार्यान्वयन गर्ने र गराउने ।

२) नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा पेस गर्ने।

३) बालबालिका सम्बन्धी समग्र स्थानीय तथ्याङ्क संकलन तथा प्रशोधन गरी गराई वार्षिक प्रतिवेदन तयार गरी समितिको स्वीकृतिले प्रकाश गर्ने ।

४) नगर कार्यपालिका तथा समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

<u>**११. बालबालिकाको उद्धार तथा पुन स्थापना सम्बन्धी कार्यः-**</u> १) कुनै पनि बालबालिकाका जोखिमपूर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा उक्त बालबालिकाको सर्वोत्तम हितलाई ख्यालमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुन स्थापनाको कार्य गरिने छ । साथै घटना व्यवस्थापन प्रक्रियालाई अवलम्बन गर्दै बालबालिकाको पुन स्थापना कार्य बाल अधिकार समातिले गर्नेछ ।

२) बाल कल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैंले कुनै बेवारिसे बालबालिका फेला पारेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औँठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालबालिकालाई संरक्षणका लागि नजिकको बाल कल्याण गृहमा जिम्मा लगाउनेछ ।

३) बेवारिसे बालबालिकाको बाबु, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बाल कल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बाल कल्याण गृह प्रमुखले त्यस्तो बालबालिकाको हुलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रसारण गराउन सक्नेछन् ।

<u>**१२. प्रोत्साहन पुरस्कारको व्यवस्थाः-**</u> बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, सञ्जाल तथा सङ्घ संस्थालाई नगरपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

<u>**१३.बाधा अड्काउ फुकाउनेः-**</u> यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले यसको बाधा अड्काउ फुकाउन सक्नेछ ।

<u>**१४. संशोधन तथा बचाउः-**</u> यस कार्यविधिलाई गौरीगङ्गा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्ने छ । यस कार्यविधिमा उल्लेख भएका विषयहरु अन्य प्रचलित काननसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

हरिदत्त भट्ट

प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र